# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### वित्तीय स्थायित्व  प्रमुख कार्यभार: गभर्नर डा. नेपाल

(गभर्नर डा.चिंरजीबि नेपालद्वारा बुटवलमा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन)

गभर्नर डा. चिंरजीबि नेपालले नेपाल राष्ट्र बैंक, सिद्धार्थनगर कार्यालयद्वारा चैत्र २७ गते बुटवलमा आयोजित “रुपन्देही जिल्लामा अवस्थित बैंक तथा वित्तीय संस्था र उद्योग व्यवसायको स्थिति तथा समस्याहरु” विषयक अन्तरक्रिया कार्यक्रमलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्नु भयो । सम्बोधनको क्रममा गभर्नर डा. नेपालले वित्तीय स्थायित्व अभिवृद्धि गर्नु, उत्पादनशील क्षेत्रमा लगानी बढाउनु, वित्तीय पहुँच विस्तार गर्नुका साथै विदेशी विनिमय स्थायित्व कायम गर्ने आफ्नो प्रमुख उद्देश्य रहेको बताउनु भयो ।




गभर्नर डा.नेपालले भूमण्डलीकरण र सूचना प्रविधिका कारण विश्व अर्थतन्त्रबाट वित्तीय क्षेत्र बढी प्रभावित हुने बताउनु भयो । नेपाल सरकार र केन्द्रीय बैंकले अन्तर्राष्ट्रिय निकायसँग गरेको सन्धि, सम्झौता र समझदारीहरुको सफल कार्यान्वयनको महत्व माथि जोड दिनुहुँदै गभर्नर डा. नेपालले वित्तीय प्रणालीमा अनौपचारिक क्षेत्रको दायरा संकुचित पार्दै औपचारिक क्षेत्रको विस्तार गर्नु पनि राष्ट्र बैंकको प्रमुख कर्तव्य रहेको बताउनु भयो । बैंक तथा वित्तीय संस्थाहरूले जनताको निक्षेप संकलन गर्ने हुंदा वित्तीय क्षेत्रको सुशासनमा देखिएको समस्याप्रति केन्द्रीय बैंक मौन बस्न नमिल्ने विषयतर्फ उहाँले सहभागीहरुको ध्यान आकृष्ट गर्नुभयो । बैंक तथा वित्तीय संस्था स्वनियमनमा बसी सुशासन कायम गरून् भन्ने राष्ट्र बैंकको चाहना रहेको उहाँले बताउनु भयो ।

गभर्नर डा.चिंरजीबि नेपालले नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान उल्लेख्य रहेको बताउनु हुदै निजी क्षेत्रको प्रवर्द्धन पनि वित्तीय क्षेत्रबाट हुने तथ्यमाथि प्रकाश पार्नु भयो । सानो पुँजीले बैंक चलाउँदा ठुला योजनामा लगानी गर्न नसकिने र विदेशी लगानीकर्ता पनि सशंकित हुने हुँदा बैंकको पुँजीकोष बलियो बनाउन उहाँले सुझाव दिनुभयो । नेपाल सरकारले लिएको नीतिलाई आत्मासात् गर्दै बैंक तथा वित्तीय संस्थाहरुका साथै उद्योगी व्यवसायीहरुले राष्ट्रहितलाई सर्वोपरि ठानी लगानीको भौगोलिक तथा क्षेत्रगत रुपमा विविधीकरण गर्दै मुलुक र समाजप्रतिको उत्तरदायित्व निर्वाह गर्न उहाँले आग्रह गर्नुभयो ।

बैंक तथा वित्तीय संस्थाहरुको सबलीकरण, सुशासन र सुदृढीकरणको लागि गाभ्ने/गाभिने नीति बैंकले लिएको बताउनु हुँदै संस्थाको हितलाई सर्वोपरि मानेमा सुशासन पनि कायम हुने गभर्नर डा.नेपालले बताउनु भयो । केन्द्रीय बैंकले वित्तीय क्षेत्रको स्थायित्वलाई महत्व दिएको जानकारी दिँदै उहाँले त्यसका लागि नीतिगत सुधार भइरहने बताउनुभयो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक डा.प्रकाश कुमार श्रेष्ठको सभापतित्वमा सो कार्यक्रम सम्पन्न भएको थियो ।

## गभर्नर डा.नेपाल पाल्पामा

गभर्नर डा. नेपालले चैत २८ गते पाल्पा जिल्लाको पालुङ मैनादी गा.वि.स. वडा नं ३ मा अवस्थित प्रभात माध्यमिक विद्यालयद्वारा आयोजित विद्यालयको नव निर्मित भवन र स्थानीय पर्यटन समितिद्वारा निर्मित कालिका भगवती मन्दिरको उद्घाटन तथा स्वागत समारोहलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्नुभयो ।



सम्बोधनका क्रममा गभर्नर डा.नेपालले आफ्नो मातृभूमिप्रतिको प्रेमले सबैलाई केही गरौँ भन्ने हौसला जागृत हुने बताउनु हुँदै असल काम गर्ने व्यक्तिले खराब मानसिकता भएका व्यक्तिको प्रतिक्रियाबाट हतोत्साहित नभई आफ्नो कर्तव्य निर्वाह गर्नुपर्नेमा जोड दिनु भयो । असल इमान्दार नेतृत्वको परिणति असल हुने कुराको उदाहरण श्री प्रभात माध्यमिक विद्यालय भएको छ भनी विद्यालयको विकासका लागि व्यवस्थापन समिति तथा विद्यालय परिवारप्रति आभार प्रकट गर्दै उहाँले जन्मथलोमा आमन्त्रित गरेर पालुङ मैनादीका स्थानीय र विद्यालय व्यवस्थापन समितिले आफूलाई दिएको सम्मान, प्रेम र सद्भावप्रति कृतज्ञता व्यक्त गर्नुभयो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री डुलबहादुर कुँवरको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रमको सञ्चालन विद्यालयका प्रधानाध्यापक श्री मदन आचार्यले गर्नु भएको थियो ।

सो समारोहमा पाल्पा जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रहरी प्रमुख, जिल्ला शिक्षा अधिकारी लगायत स्थानीय प्रबुद्ध व्यक्तित्व, नागरिक समाजका अगुवा र पत्रकारहरुका साथै स्थानीय जनताहरुको उल्लेख्य उपस्थित रहेको थियो ।